नेपाल सरकार

फोन :४२००२९८

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**सिंहदरवार काठमाण्डौ**

**(सूचना तथा प्रविधि शाखा)**

प.सं.: २०७६/७७
च.नं.: ४०४

मितिः- २०७६/८/३

विषयः विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका सम्वन्धमा ।

श्री स्थानीय तहहरु सवै ।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखाको मिति २०७६।७।२९ च.नं. १३१ को पत्र साथ प्राप्त नेपाल सरकार (मा. उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रीस्तर) को मिति २०७६।४।१२ को निर्णयानुसार "विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका, २०७५" पहिलो संशोधन यसै साथ संलग्न रहेको छ । उक्त निर्देशिका सरोकारवाला निकायहरुको जानकारीका लागि सवै स्थानीय तहको आधिकारिक वेवसाईटमा प्रकाशित गर्नु हुन अनुरोध छ ।

शेखर निधि पौडयाल
शाखा अधिकृत

वोधार्थः
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
स्वास्थ्य समन्वय महाशाखा ।

नेपाल सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
(स्वास्थ्य समन्वय महाशाखा)

email pics@mohp.gov.np
Website:www.mohp.gov.np

रामशाहपथ,
काठमाडौं, नेपाल

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

प.सं. : २०७६/७७
च.नं. : १२१

मिति: २०७६/०७/२९

विषयः समन्वय गरिदिनूहुन ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।

प्रस्तुत विषयमा स्वास्थ्य सेवा विभागको मिति २०७६/०७/२९ को प.स २०७६/७७ च.नं १३० को पत्रानुशार नेपाल सरकार (मा.उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री स्तरीय) को मिति २०७६।०४।१२ को निर्णयानुशार “विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका, २०७५” पहिलो संसोधन भएको हुँदा “सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार” मार्फत सरोकारवाला निकायहरुको जानकारीका लागि सवै स्थानीय तहहरुमा पठाउन र स्थानीय तहहरुको आधिकारीक वेबसाइट (Official Website) मा प्रकाशित गर्नु पर्ने भनी समन्वयको लागि अनुरोध भई आएको हुँदा तहां मन्त्रालयबाट सम्पुर्ण स्थानीय तहहरुमा पठाउनुहुनको साथै स्थानीय तहहरुको अधिकारीक वेबसाइट (Offical Website) मा प्रकाशित गर्नको लागि आवश्यक सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

साथै प्रकाशीत गर्नु पर्ने निर्देशिकाको विद्युतीय प्रतिलिपि (e-copy ) यसै साथ संलग्न गरिएको छ ।

............................
भक्तराज पोखरेल
शाखा अधिकृत

# विपन्न नागरिक औषधि उपचार कोष
# निर्देशिका, २०७५

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

नेपाल सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

रामशाहपथ, काठमाडौं

२०७५

**यो कोष निर्देशिका २०७५।०८।१० देखि लागू भएको हो ।**

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(माननीय उप-प्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रीस्तरीय) को
निर्णयबाट मिति २०७६।०४।१२ मा पहिलो संशोधन भएको ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु काठमाडौं

---

मुद्रणः **स्वास्थ्य सेवा विभाग**
नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा
सामाजिक स्वास्थ्य सुरक्षा शाखा
फोन नं. ०१-४२६२०६३, फ्याक्सः नं. ०१-४२५११७३

# विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५

नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६८ को दफा १३ मा रहेको विपन्न नागरिकलाई औषधि उपचारवापत आर्थिक सहायता उपलब्ध गराउन नेपाल सरकारले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तरगत एक छुट्टै कोष स्थापना गर्न सक्ने उल्लेख भएको हुँदा कोष गठन तथा सञ्चालन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस निर्देशिकाको नाम "विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) “अस्पताल” भन्नाले यस निर्देशिकाको अनुसूची- १ मा उल्लेख भएका अस्पतालहरू सम्झनुपर्छ र सो शब्दले समय-समयमा विशेषज्ञ चिकित्सकसहितको संयुक्त अनुगमन टोलीको सिफारिसमा मन्त्रालय (सचिवस्तर) को निर्णयबाट तोकेका अस्पताललाई समेत जनाउँछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

(ख) "कडा रोग" भन्नाले मुटु रोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी तथा सिकलसेल एनिमिया रोगहरू सम्झनुपर्छ ।

(ग) "कोष" भन्नाले विपन्न नागरिक औषधि उपचार कोष सम्झनुपर्छ ।

(घ) "विपन्न बिरामी नागरिक" भन्नाले दफा ३ को उपदफा (४) बमोजिम गठित समितिले सिफारिस गरेको वा नेपाल सरकारले जारी गरेको गरिब परिवार परिचयपत्र वाहक विपन्न बिरामी नागरिक सम्झनुपर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले स्वास्थ्यसम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनुपर्छ ।

(च) "सिफारिस समिति" भन्नाले दफा ३ को उपदफा (४) मा गठित सिफारिस समिति सम्झनुपर्छ ।

(छ) "सामाजिक स्वास्थ्य सुरक्षा एकाइ" भन्नाले दफा ५ को खण्ड (द) बमोजिमको केन्द्र सम्झनुपर्छ ।

(ज) "व्यवस्थापन समिति" भन्नाले दफा ९ को उपदफा (१) बमोजिमको विपन्न नागरिक औषधि उपचार व्यवस्थापन समिति सम्झनुपर्छ ।

(झ) "विभाग" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग सम्झनुपर्छ ।

(ञ) "महाशाखा" भन्नाले स्वास्थ्य सेवा विभाग, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा सम्झनुपर्छ ।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(ट) "सोधभर्ना रकम" भन्नाले अस्पतालहरूले उपचार सेवा प्रदान गर्दा लागेको रकम महाशाखासमक्ष सोधभर्नाको लागि मागेको रकम सम्झनुपर्छ ।

(ठ) "शाखा" भन्नाले महाशाखाअन्तर्गतको सामाजिक स्वास्थ्य सुरक्षा शाखा सम्झनुपर्छ ।

(ड) "डायलाइसिस" भन्नाले मृगौला रोग लागेका बिरामीलाई अस्पतालबाट प्रदान गरिने हेमोडायलाइसिस वा पेरिटोनियल डायलाइसिस सम्झनुपर्छ र सो शब्दले सेरोपोजिटिभ (सङ्क्रमित) बिरामीको हकमा सुरक्षित रूपले डायलाइसिस गर्ने उपचार सेवालाई समेत जनाउँछ ।

(ढ) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ ।

(ण) "आर्थिक प्रशासन शाखा" भन्नाले स्वास्थ्य सेवा विभाग, आर्थिक प्रशासन शाखा भन्ने सम्झनुपर्छ र सो शब्दले मन्त्रालयको आर्थिक प्रशासन शाखालाई समेत जनाउँछ ।

३. <u>विपन्न नागरिकलाई औषधि उपचारवापत आर्थिक सहायता दिने</u> :

(१) आर्थिक रूपले विपन्न नागरिकले दफा २ को खण्ड (ख) मा उल्लेख भए बमोजिमका रोगको उपचार नेपाल भित्र गराउँदा

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

उपदफा (४) बमोजिमको समितिको सिफारिसमा वा नेपाल सरकारले जारी गरेको गरिब परिवार परिचय पत्र बिरामीले अनुसूची-४ बमोजिमको उपचार सहुलियत रकम अस्पतालबाट प्राप्त गर्नेछ ।

(२) विपन्न नागरिकले औषधि उपचार सहुलियत प्राप्त गर्न अनुसूची- २ बमोजिम स्थायी बसोबास रहेको स्थानीय तहमा फाराम भरी सिफारिस लिनुपर्नेछ र उपदफा ४ बमोजिमको समितिमा पेस गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सिफारिस बिरामीले मागेको बखत आवश्यक कागजात पूरा भएमा सम्बन्धित स्थानीय तहले तुरुन्त उपलब्ध गराउनुपर्नेछ ।

(४) आर्थिक रूपले विपन्न नागरिकलाई औषधि उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनका लागि सिफारिस गर्न स्थानीय तहमा देहायको सिफारिस समिति रहनेछ :

(क) सम्बन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुख -संयोजक

(ख) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सम्बन्धित स्थानीय तहको स्वास्थ्य संयोजक -सदस्य-सचिव

(५) उपदफा (४) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

(क) विपन्न नागरिकले उपचारका लागि आवश्यक कागजातसहित दिएको निवेदन सङ्कलन गर्ने,

(ख) तोकिएको समयभित्र अनुसूची- ३ को ढाँचामा निर्णय गर्नुपर्ने,

तर सम्बन्धित अस्पतालबाट उपचारका लागि सिफारिस गर्न कुनै पत्र आवश्यक पर्ने छैन ।

(ग) सिफारिस समितिबाट निर्णय गर्दा बिरामी वा बिरामीको नजिकको हकदारले सूचीकृत अस्पतालहरूमध्ये जुनसुकै माग गरेको अस्पतालमा उपचारका लागि सिफारिस गरी पठाउनुपर्ने,

(घ) उपचारका लागि सिफारिस गरी पठाइएका बिरामीहरूको विवरण विद्युतीय प्रविधिमा समेत अभिलेख राखी अनुसूची- १० र अनुसूची- ११ बमोजिम विभागमा वार्षिक रूपमा पठाउनुपर्ने,

(ङ) सिफारिस गर्दा एउटा रोगको बिरामीका लागि एकमात्र अस्पतालमा दोहोरो नपर्ने गरी सिफारिस गर्नुपर्नेछ ।

४. <u>सेवा लिने प्रक्रिया</u> :

(१) विपन्न बिरामी नागरिकले कडा रोगको उपचार सहुलियत लिनका लागि अनुसूची- २ बमोजिमको

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

ढाचाँमा सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निवेदन दिई वडा कार्यालयबाट सिफारिस लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस, चिकित्सकको प्रिस्क्रिप्सन, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, नाबालकका हकमा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि र निवेदन सम्बन्धित स्थानीय तहमा पेस गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन तथा आवश्यक कागजात प्राप्त भएपश्चात सम्बन्धित स्थानीय तहले दफा ३ को उपदफा (४) बमोजिमको समितिले सोउपर आवश्यक जाँचबुझ गरी निवेदकलाई औषधि उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनका लागि सम्बन्धित अस्पतालमा सिफारिस गर्नुपर्नेछ ।

(४) गरिब परिवार परिचयपत्र भएका बिरामीहरूका लागि उपदफा (१) र (३) को विपन्नता सिफारिस आवश्यक पर्ने छैन । उक्त परिचयपत्रकै आधारमा सम्बन्धित अस्पतालबाट सहुलियत पाउनेछन् ।

(५) विपन्न नागरिक उपचार सेवाबापत सम्बन्धित बिरामीलाई नगदै भुक्तानी दिन पाइने छैन ।

(६) मृगौला प्रत्यारोपण गर्ने बिरामीले प्रत्यारोपणपूर्व गरिने अङ्गदाता र ग्रहणकर्ताको प्रयोगशाला परीक्षण र प्रत्यारोपणपश्चात औषधि सेवन सहुलियत पनि तोकिएको अस्पतालबाट हुनेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

(७) विपन्न नागरिक औषधि उपचार सहुलियत नेपाली नागरिकले सूचीकृत अस्पतालबाट अनुसूची- ४ मा तोकिएको रकमबराबरको सहुलियत पाउनेछन् ।

(८) थप उपचार सेवाका लागि प्रेषण भएका बिरामीले सम्बन्धित अस्पतालको सिफारिसमा प्रेषण गरिएको अस्पतालमा उपचारको सुनिश्चितता भएपश्चात सिधै सम्पर्क राख्न सक्नेछन् ।

५. **<u>अस्पतालको काम, कर्तव्य र अधिकार</u>** : यस निर्देशिकामा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अस्पतालका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

क) दफा ३ को उपदफा (४) बमोजिम सिफारिस भई आएका विपन्न बिरामीको अभिलेख अनलाइन विद्युतीय प्रविधिमा अनिवार्य राखी अलग-अलग फायल खडा गर्ने,

(ख) दोहोरो सिफारिस भई आएमा सेवा प्रवाह नगर्ने र सोको जानकारी विभागलाई दिने,

(ग) खण्ड (क) बमोजिमका बिरामीलाई सम्बन्धित चिकित्सकसमक्ष प्रेषण गर्ने व्यवस्था मिलाउने,

(ग.१) मन्त्रालयबाट स्वीकृत स्तरीय उपचार प्रोटोकल (Standard Treatment Protocol) बमोजिम सेवा प्रदान गर्ने ।★

(घ) तोकिएको सहुलियत रकमसम्मको परिधिमा रही बिरामीलाई चिकित्सकको सल्लाहबमोजिम आवश्यक पर्ने औषधि, औषधिजन्य सामग्री, निदानात्मक सेवा,

★ ग. १ संशोधित मिति २०७९।४।१२



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

शल्यक्रिया, शैया आदिसमेत अस्पतालले उपलब्ध गराउनुपर्नेछ ।

(ङ.) विपन्न बिरामी नागरिकलाई प्राप्त हुने सुविधावापतको रकमको सर्वाधिक सदुपयोग हुने वातावरण अस्पताल आफैंले बनाउनुपर्ने र उपचार गर्ने सम्बन्धमा चिकित्सकको निर्णय अन्तिम हुने,

(ङ.१) सुचिकृत हुने अस्पतालले अस्पताल फार्मेसी सेवा संचालन गरेको हुनुपर्ने र निर्देशिकामा सुचिकृत गरेका रोगहरुको लागि स्तरीय उपचार प्रोटोकल अनुसार आवश्यक औषधिहरु अस्पताल फार्मेसीमा उपलब्ध हुनुपर्ने ।★

(च) विपन्न बिरामी नागरिकलाई प्राथमिकताक्रमअनुसार उपचारको व्यवस्था मिलाउनुपर्ने,

(छ) विपन्न बिरामी नागरिकले औषधि उपचार सेवा लिइरहेको अस्पतालबाट अन्य विपन्न सेवा उपलब्ध हुने अस्पतालमा थप उपचारका लागि प्रेषण गर्नुपर्ने भएमा बिरामीले पाउनुपर्ने बाँकी रकमबराबरको उपचार सुविधा पाउन सक्नेछन् । यसका लागि सम्बन्धित अस्पतालबाट उपचार सुविधा पाएको रकम, प्रेषण पुर्जा र दफा ३ को उपदफा (४) बमोजिमको समितिको सिफारिसको प्रतिलिपिसमेत संलग्न गरी सम्बन्धित अस्पतालमा पठाई सोको जानकारी विभागलाई दिने,

(ज) खण्ड (छ) बमोजिमको व्यहोरा अनलाइन प्रविधिबाट अनिवार्य अभिलेख गरी प्रेषण गर्नुपर्ने,

(झ) तोकिएको सहुलियत रकमभन्दा बढी रकम एक बिरामीका लागि खर्च नहुने गरी स्पष्ट अभिलेखको व्यवस्था मिलाउने,

★ ङ. १ संशोधित मिति २०७६।४।१२

(ञ) खण्ड (घ) बमोजिम औषधि उपलब्ध गराएको अभिलेख अनुसूची- ५ र अनुसूची- ६ बमोजिमको अभिलेख रजिस्टर तथा विद्‌युतीय प्रविधि अनलाइन रेकर्ड तथा अनलाइन रिपोर्टिङ अनिवार्य राख्नुपर्नेछ । अनलाइन रिपोर्टिङ नगर्ने अस्पतालहरूको सम्झौता रद्द गर्न सकिनेछ ।

(ट) अस्पतालले चौमासिक रूपमा सेवाको विवरण र खर्च भएको रकम अस्पतालको सूचना पाटीमा अनिवार्य सार्वजनिक गर्नुपर्ने,

(ठ) अस्पताल प्रमुखले 'विपन्न बिरामी नागरिकको उपचारका सम्बन्धमा समय-समयमा मन्त्रालय तथा महाशाखाले दिएको निर्देशन पालना गर्नुपर्ने,

(ड) अस्पतालले उपचार खर्चको सोधभर्ना माग गर्दा मासिक रुपमा अनुसूची- ७, अनुसूची- ८ र अनुसूची- ९ बमोजिमको प्रतिवेदन फाराम भरी महाशाखामा प्रत्येक महिनाको सात गतेभित्र अनिवार्य रूपमा पठाउनुपर्ने,

(ढ) बिरामी डिस्चार्ज हुँदा तोकिएको रकममध्ये केकति रकमबराबर उपचार सेवा प्रदान गरिएको हो, सोबारे बिरामीलाई जानकारी दिई सोहीअनुसार अनुसूची- ५ र अनुसूची- ६ बमोजिमको अभिलेख रजिस्टर तथा विद्‌युतीय प्रविधिमा अनिवार्य रूपमा अद्‌यावधिक गर्नुपर्ने,

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(ण) विपन्न बिरामी नागरिक वा निजको कुरुवा, ड्युटी चिकित्सक वा नर्सलाई प्रत्येक बिलमा दस्तखत गराई अस्पतालका बिरामी अभिलेख फायलमा दुरुस्त राख्नुपर्ने,

(त) बिरामी अस्पतालमा भर्ना भएकै अवस्थामा सम्बन्धित स्थानीय तहको सिफारिस माग गरेको र सिफारिस प्राप्त गर्न ढिलाइ भएको अवस्थामा डिस्चार्ज हुने दिनसम्म सिफारिस ल्याएमा सम्बन्धित अस्पतालले सम्बन्धित बिरामीलाई तोकिएको सहुलियत रकमबराबरको उपचार सेवा दिनुपर्ने र बिरामीले सिफारिस माग गरेको जानकारी अस्पतालको सामाजिक स्वास्थ्य सुरक्षा एकाइलाई दिनुपर्ने, तोकिएभन्दा बढी रकमको सोधभर्ना भुक्तानी हुने छैन ।

तर बिरामीको उपचारका क्रममा मृत्यु भई दफा ३ को उपदफा (४) बमोजिमको सिफारिस नल्याएमा अस्पतालका निर्देशक, उपचारमा सम्लग्न प्रमुख चिकित्सक र सामाजिक स्वास्थ्य सुरक्षा एकाइ प्रमुखले सिफारिस गरेमा बिरामीको खर्च भएको रकम सम्बन्धित अस्पतालले सोधभर्ना माग गर्न सक्नेछ ।

(थ) अस्पतालको सामाजिक स्वास्थ्य सुरक्षा एकाइमा आवश्यक जनशक्ति र प्रविधिको व्यवस्था गर्ने-गराउने जिम्मेवारी अस्पताल प्रमुखको हुनेछ,

(द) सामाजिक स्वास्थ्य सुरक्षा एकाइको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित अस्पतालमा अनिवार्यरूपमा राख्नुपर्नेछ ।

(ध) विभागबाट सोधभर्ना रकम प्राप्त हुन ढिलाइ भएमा पनि सेवा अवरुद्ध गर्न नपाइने,

(न) अस्पताल दर्ता एवम् नविकरण स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७३ अनुरूप भएको हुनुपर्नेछ,

(प) बिरामीको उपचार गर्ने अस्पतालमा उपचार हुन नसकी थप उपचारका लागि अर्को अस्पतालमा प्रेषण गर्नुपूर्व त्यस अस्पतालमा बिरामीको उपचार हुने सम्बन्धमा यकीन गर्नुपर्ने,

(फ) विपन्न बिरामीलाई अनुसूची- १२ को ढाँचामा विपन्न नागरिक औषधि उपचार सहुलियत कार्ड उपलब्ध गराउनुपर्नेछ ।

(ब) एक्युट रेनल फेलियर भई छोटो अवधि डायलाइसिस गराउनुपर्ने बिरामीको हकमा दफा ३ को उपदफा ४ बमोजिमको सिफारिस आवश्यक पर्ने छैन । अस्पताल प्रमुख वा निजले तोकेको व्यक्तिको स्वीकृतिमा निःशुल्क सेवा प्रदान गर्नुपर्नेछ । यसरी उपचार गराएका बिरामीहरूको अभिलेख तथा प्रतिवेदन दुरुस्त हुनुपर्नेछ । बिरामी निको भई पुनः सेवा लिन आउनुपरेमा सिफारिस अनिवार्य पेस गर्नुपर्नेछ ।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

(भ) मृगौला प्रत्यारोपणपश्चात औषधि सेवन गर्ने बिरामीहरूका लागि आवश्यक पर्ने औषधिको व्यवस्था तोकिएको सीमाभित्र रही सम्बन्धित अस्पतालले मिलाउनुपर्ने ।

(म) बिरामी थप उपचारका लागि अन्य सूचीकृत अस्पतालमा प्रेषण गर्नुपर्ने भएमा सम्बन्धित अस्पतालले सोझै गर्न सक्नेछन् । प्रेषण गरेको जानकारी शाखालाई सम्बन्धित अस्पतालले गर्नुपर्नेछ । विशेष कारणबाहेक विद्‍युतीय प्रविधि (अनलाइन) बाट अभिलेख नगरी गरिएको प्रेषण मान्य हुने छैन ।

(य) विपन्न नागरिकलाई सूचीकृत अस्पतालबाट सेवा उपलब्ध गराइसकेपछि सूचीकृत रोगको तोकिएको औषधि उपचारमा तोकिएको शोधभर्ना हुने रकम सकिए पनि उसलाई थप उपचार गर्नुपर्ने भएमा साविककै सहुलियत दररेटमा सेवा उपलब्ध गराउनुपर्नेछ ।

६ **सम्पर्क केन्द्र स्थापना गर्नुपर्ने :**

(१) यस निर्देशिकाबमोजिम विपन्न नागरिकलाई उपचार सेवा प्रदान गर्ने सम्बन्धमा प्रभावकारी व्यवस्थापनका लागि अस्पतालले छुट्टै सम्पर्क केन्द्र स्थापना गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामाजिक सुरक्षा कार्यक्रम लागू भएका अस्पतालहरूका हकमा समन्वय गरी एउटै केन्द्रबाट उपचार सेवा प्रवाह

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

गर्न सकिनेछ । सेवा अभिलेख अलग-अलग राख्नुपर्नेछ ।

७. **<u>महाशाखाको काम, कर्तव्य र अधिकार</u>** : यस निर्देशिकामा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त महाशाखाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) विपन्न नागरिक औषधि उपचारका लागि आवश्यक पर्ने वार्षिक बजेट तथा योजना तयार गरी सम्बन्धित निकायमा पेस गर्ने,

(ख) मासिक रूपमा विपन्न नागरिक औषधि उपचार व्यवस्थापन समितिको बैठकको आयोजना गर्ने र उक्त बैठकमा यस कार्यक्रमको मासिक प्रतिवेदन पेस गरी निर्णय भएबमोजिमको रकम सम्बन्धित अस्पताललाई भुक्तानी गर्ने,

(ग) अस्पतालहरूको उपचार सेवालाई गुणस्तरीय बनाउन नियमित अनुगमन गर्ने, गराउने । साथै अस्पतालमा सञ्चालित अन्य निःशुल्क स्वास्थ्य कार्यक्रमहरूको समेत एकीकृत अनुगमन गर्ने,

(घ) अस्पतालहरूबाट प्राप्त प्रतिवेदनहरूको विश्लेषण गरी सोधभर्ना माग रकम र बिरामी संख्या स्पष्ट देखिने गरी विवरण राख्ने,

(ङ) अस्पतालहरूबाट प्राप्त प्रतिवेदन अस्पष्ट भएमा अस्पतालसँग सोधपुछ गर्ने एवम् अनुगमनको व्यवस्थासमेत गरी प्रतिवेदनलाई स्पष्ट गर्न लगाउने,

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु काठमाडौं

(च) नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाले विपन्न नागरिक औषधि उपचारको प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा समावेश गर्ने व्यवस्था मिलाउने ।

(छ) बिरामीको उपचार सेवाको गुणस्तरीयता एवम् औचित्यताका आधारमा अस्पताललाई एक मुष्ठ वा पटक-पटक गरी रकम उपलब्ध गराउन सक्नेछ,

(ज) यस निर्देशिकाबमोजिमको कुनै विषयमा निर्णय गर्न कठीनाइ भएमा व्यवस्थापन समितिमा लेखी पठाउने,

(झ) विपन्न नागरिक औषधि उपचारसम्बन्धी अन्य आवश्यक कार्य गर्ने,

(ञ) महाशाखा र सूचीकृत अस्पतालबीच वार्षिक रूपमा अनुसूची- १३ को ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

८ **दोहोरो सुविधा लिन नहुने :**

१) यस निर्देशिकाबमोजिम प्रदान हुने औषधि उपचार सेवा दफा ४ को उपदफा (७) बमोजिमको रकमको सीमा ननाघ्ने गरी एक रोगमा एकपटक वा पटक-पटक गरी प्रदान गरिनेछ ।

(२) एक अस्पतालबाट कुनै एक रोगको औषधि उपचार सेवा प्राप्त गरिसकेको व्यक्तिले पुन: सोही रोगका लागि सोही अस्पताल वा अर्को अस्पतालबाट दोहोरो पर्ने गरी सेवा प्राप्त गर्न सकिने छैन ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

(३) यस निर्देशीकामा अन्यत्रः जुनसुकै कुरा लेखिएको भए तापनि कुनै एक रोगको उपचारमा सहुलियत प्राप्त गरेको व्यक्तिले अर्को रोगको उपचार सहुलियत प्राप्त गर्न बाधा पर्ने छैन ।

९. <u>व्यवस्थापन समिति</u> :

(१) यस निर्देशिकाबमोजिम विपन्न बिरामी नागरिकलाई प्रदान गरिने औषधि उपचार सेवालाई गुणस्तरीय, व्यवस्थित एवम् पारदर्शी बनाउन आवश्यक निर्देशन, सिफारिस एवम् अस्पताल तथा बिरामीको औषधि उपचार खर्च निर्धारण गर्न देहायबमोजिमको एक विपन्न नागरिक औषधि उपचार व्यवस्थापन समिति रहनेछ :

(क) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - अध्यक्ष

(ख) सह-सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय - सदस्य

(ग) सह-सचिव, नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

(घ) अध्यक्ष, नेपाल मेडिकल बोर्ड - सदस्य

(ङ) प्रमुख, नीति, योजना तथा अनुगमन महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य

(च) महानिर्देशक, स्वास्थ्य सेवा विभाग - सदस्य

(छ) निर्देशक, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा -सदस्य-सचिव

(२) व्यवस्थापन समितिको बैठक कम्तीमा महिनाको एकपटक बस्नेछ ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(३) विपन्न बिरामी नागरिक औषधि उपचार कार्यक्रमलाई विस्तार गर्नका साथै प्रभावकारी एवम् गुणस्तरीय सेवाका लागि समग्र अनुगमन, निर्देशन, सिफारिस एवम् निर्णय गर्ने कार्य व्यवस्थापन समितिले गर्नेछ ।

(४) विपन्न बिरामी नागरिक औषधि तथा उपचार कार्यक्रमलाई आवश्यक पर्ने थप बजेटको व्यवस्था मन्त्रालयले मिलाउनुपर्नेछ ।

(५) निर्देशिकाअनुरूप विपन्न बिरामी नागरिक औषधि उपचार कार्यक्रम कार्यान्वयनका क्रममा कुनै बाधा-अड्चन आइपरेमा व्यवस्थापन समितिले आवश्यक निर्णय गरी समाधान गर्न सक्नेछ ।

(६) यस निर्देशिकाबमोजिम सेवा उपलब्ध नगराउने अस्पतालहरूलाई सूचीबाट हटाउने कार्य विभागको सिफारिसमा निर्णय गर्न सक्नेछ ।

(७) अस्पताललाई थप सूचीकरण गर्दा अस्पताल सञ्चालन स्वीकृति भएको तथा नविकरण अनिवार्य भएको हुनुपर्नेछ । थप अस्पताल सूचीकरण गर्दा विपन्न नागरिक औषधि उपचार कोषमा पर्याप्त बजेट भएको सुनिश्चित भएपछि सूचीकरण गरिनेछ ।

१०. **सेवा-शुल्कसम्बन्धी व्यवस्थाः** अस्पतालले कडा रोगको उपचार बापत लगाउने सेवा शुल्क सम्बन्धमा शुल्क निर्धारण समितिले निर्धारण गरे अनुसार वा मन्त्रालयले तोके बमोजिम हुनेछ । हाललाई निम्नानुसारको शुल्क निर्धारण गरिएको छ ।★

(क) मुटु रोग - शहिद गंगालाल हृदय रोग केन्द्र, बाँसबारी, काठमाण्डौंको सेवा शुल्क अनुसार ।

(ख) हेड इन्जुरी र स्पाइनल इन्जुरी - राष्ट्रिय ट्रमा सेन्टर, महाबौद्ध, काठमाण्डौंको सेवा शुल्क अनुसार ।

(ग) सिकलसेल एनिमिया रोग - भेरी अस्पताल, नेपालगञ्ज, बाँकेको सेवा शुल्क अनुसार ।

(घ) अल्जाइमर्स र पार्किन्सन्स रोग - चि.वि.रा.प्र.वीर अस्पताल, महाबौद्ध, काठमाण्डौंको सेवा शुल्क अनुसार ।

★ दफा १० संशोधित मिति २०७६।४।१२



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(ङ) क्यान्सर रोग - वि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको सेवा शुल्क अनुसार ।

(च) डायलाईसिस - रु. २५००।-

(छ) पेरिटोनियल डायलाईसिस फ्ल्युड -रु. ४०८ ।- प्रति पाकेट

११. **जनशक्ति र बजेट व्यवस्थापन** :

(१) महाशाखाअन्तरगत सामाजिक स्वास्थ्य सुरक्षा शाखाबाट विपन्न नागरिक औषधि उपचार कार्यक्रम सञ्चालन हुनेछ ।

(२) यस निर्देशिका बमोजिमका सम्पूर्ण कामकारबाही शाखाबाट सम्पादन हुनेछ र सोका लागि आवश्यक जनशक्तिको व्यवस्थापन विभागले गर्नुपर्नेछ ।

(३) कोषको शाखा सञ्चालन, प्रशासनिक एवं अनुगमन कार्यका लागि वार्षिक अनुमानित खर्च हुने रकमको १ (एक)★ प्रतिशतको परिधिभित्र रही विभागको वार्षिक बजेट तथा कार्यक्रममा विनियोजन गरी कार्य सम्पादन गर्नुपर्नेछ ।

१२. **अभिलेख तथा प्रतिवेदन** :

(१) बिरामीको औषधि उपचारसम्बन्धी विवरण अनुसूची- ५ र अनुसूची- ६ बमोजिमको अभिलेख रजिस्टर र सोहीबमोजिमको विद्युतीय प्रविधि (सफ्टवेयर) मा अनिवार्य प्रविष्ट गर्नुपर्नेछ ।

(२) अस्पतालहरूले सेवा दिएका बिरामीहरूको विवरण अभिलेख रजिस्टरबाट उतार गरी मासिक रूपमा अनुसूची- ७, अनुसूची- ८ र अनुसूची- ९ बमोजिमको प्रतिवेदन तयार गरी प्रत्येक महिनाको ७ गतेभित्र शाखाामा पठाउनुपर्नेछ ।

★ दफा ११ (३) संशोधित मिति २०७६।४।१२



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

**१३. निरीक्षण, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था :**

(१) विपन्न नागरिकलाई औषधि उपचार सेवा प्रदान गर्ने कार्यको अनुगमन गर्न मन्त्रालयअन्तरगतको नीति, योजना तथा अनुगमन महाशाखा, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा र आर्थिक प्रशासन शाखाका प्रतिनिधिहरूको एक संयुक्त संयन्त्रले नियमित रूपमा अनुगमन गर्नुपर्नेछ ।

(२) विपन्न नागरिक औषधि उपचार कार्यक्रममा सूचीकृत हुनका लागि निवेदन पेस गर्ने अस्पतालको अनुगमन सम्बन्धित रोगको विशेषज्ञ चिकित्सकसहित महाशाखामा कार्यरत प्रतिनिधिहरू सम्मिलित संयुक्त अनुगमन टोलीको सिफारिसका आधारमा मन्त्रालय (सचिवस्तर) को निर्णयबाट सूचीकृत गरिनेछ ।

(३) विपन्न नागरिकलाई औषधि उपचार सेवा प्रदान गर्ने अस्पतालको नियमित अनुगमन गर्ने कार्य महाशाखा र आर्थिक प्रशासन शाखाको हुनेछ ।

**१४. लेखापरीक्षण गराउनुपर्ने :**

(१) अस्पतालले प्रचलित कानुनबमोजिम लेखा परीक्षण गराउनु सम्बन्धित अस्पतालको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा परीक्षणको प्रतिवेदन निजी, गैरसरकारी अस्पतालले मार्ग मसान्तसम्म तथा सरकारी अस्पतालले चैत्र मसान्तसम्म विभागमा बुझाउनुपर्नेछ । यस्तो प्रतिवेदन यथासमयमा प्राप्त

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

नभए प्रदान गरिएको उपचार सेवावापतको रकम सोधभर्ना रोक्का गर्न सकिनेछ ।

(३) लेखारीक्षण प्रतिवेदनमा विपन्न नागरिक औषधि उपचारवापत विभागबाट प्राप्त भएको रकमको आम्दानी र खर्चको विवरण छुट्टाछुट्टै देखिएको हुनुपर्नेछ ।

१५. **<u>कारबाही हुने</u> :**

(१) यस निर्देशिकाविपरीत कार्य गर्ने सम्बन्धित स्थानीय तहको सम्बन्धित पदाधिकारी वा कर्मचारी, अस्पताल, अस्पताल प्रमुख तथा सामाजिक स्वास्थ्य सुरक्षा एकाइ प्रमुखलाई निजको सेवा सर्तसम्बन्धी प्रचलित कानुनबमोजिम कारबाही हुनेछ ।

(२) यस निर्देशिकाविपरीत कार्य गर्ने अस्पताललाई सोधभर्ना गर्नुपर्ने रकम रोक्का गरिनेछ । साथै मन्त्रालयले त्यस्ता अस्पताललाई सूचीबाट हटाउने र प्रचलित कानुनबमोजिम कानुनी कारबाही चलाउन सक्नेछ ।

१६. **<u>खारेजी र बचाउ</u> :**

(१) विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०६९ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको भए गरेका कार्यहरू यसै निर्देशिकाबमोजिम भएगरेको मानिनेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

## अनुसूची १

## दफा २ को खण्ड (क) सँग सम्बन्धित

## विपन्न नागरिकहरूलाई औषधि उपचारका लागि सूचीकृत गरिएका अस्पतालहरू

| सि.नं. | संस्थाको नाम | रोग |
|---|---|---|
| १ | चि.वि.रा.प्र. वीर अस्पताल, महाबौद्ध, काठमाडौं | मुटु रोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| २ | त्रि.वि. शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौं | मुटु रोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| ३ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन, ललितपुर | मुटु रोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| ४ | बी.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, सुनसरी | मुटु रोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| ५ | परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथली, काठमाडौं | क्यान्सर |
| ६ | कान्ति बाल अस्पताल, महाराजगञ्ज, काठमाडौं | मुटु रोग, मृगौला रोग, क्यान्सर |
| ७ | शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र, बाँसबारी, काठमाडौं | मुटु रोग |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

| सि.नं. | संस्थाको नाम | रोग |
|---|---|---|
| ८ | निजामती कर्मचारी अस्पताल, मिनभवन, काठमाडौं | क्यान्सर, सिकलसेल एनिमिया |
| ९ | मनमोहन कार्डियो थोरासिक, भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, महाराजगञ्ज, काठमाडौं | मुटु रोग, क्यान्सर |
| १० | बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवन | क्यान्सर |
| ११ | मानव अंग प्रत्यारोपण केन्द्र, भक्तपुर | मृगौला रोग र मुटु रोग |
| १२ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा, कास्की | डायलाइसिस |
| १३ | नारायणी उपक्षेत्रीय अस्पताल, बीरगञ्ज, पर्सा | डायलाइसिस |
| १४ | राप्ती उपक्षेत्रीय अस्पताल, घोराही, दाङ | सिकलसेल एनिमिया, डायलाइसिस |
| १५ | कोशी अञ्चल अस्पताल, विराटनगर, मोरङ | डायलाइसिस र क्यान्सर |
| १६ | जनकपुर अञ्चल अस्पताल, जनकपुर, धनुषा | डायलाइसिस |
| १७ | भेरी अञ्चल अस्पताल, नेपालगञ्ज, बाँके | सिकलसेल एनेमिया र डायलाइसिस |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| सि.नं. | संस्थाको नाम | रोग |
|---|---|---|
| १८ | लुम्बीनी अञ्चल अस्पताल, बुटवल, रुपन्देही | सिकलसेल एनेमिया |
| १९ | सेती अञ्चल अस्पताल, धनगढी, कैलाली | सिकलसेल एनेमिया, डायलाइसिस |
| २० | नेपाल मेडिकल कलेज, जोरपाटी, काठमाडौं | डायलाइसिस |
| २१ | गण्डकी मेडिकल कलेज, पोखरा, कास्की | डायलाइसिस |
| २२ | युनिभर्सल कलेज अफ मेडिकल साइन्सेस, भैरहवा, रुपन्देही | डायलाइसिस |
| २३ | चितवन मेडिकल कलेज, शिक्षण अस्पताल, चितवन | मुटु रोग, डायलाइसिस, क्यान्सर, अल्जाइमर, पार्किन्सन, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| २४ | कलेज अफ मेडिकल साइन्सेस, भरतपुर, चितवन | मुटु रोग, डायलाइसिस, अल्जाइमर, पार्किन्सन, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| २५ | नेपालगञ्ज मेडिकल कलेज, नेपालगञ्ज, बाँके | मुटु रोग, क्यान्सर, हेड इन्जुरी र स्पाइनल इन्जुरी डायलाइसिस |
| २६ | मणिपाल शिक्षण अस्पताल, पोखरा, कास्की | मुटु रोग, क्यान्सर, हेड इन्जुरी र स्पाइनल इन्जुरी डायलाइसिस |
| २७ | भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर | क्यान्सर |
| २८ | राष्ट्रिय मृगौला उपचार केन्द्र, वनस्थली, काठमाडौं | डायलाइसिस |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

| सि.नं. | संस्थाको नाम | रोग |
|---|---|---|
| २९ | गोल्डेन अस्पताल प्रा.लि., विराटनगर, मोरङ | डायलाइसिस, हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| ३० | बी. एन्ड बी. अस्पताल, ग्वार्खो, ललितपुर | क्यान्सर डायलाइसिस |
| ३१ | आरोग्य स्वास्थ्य प्रतिष्ठान, पुल्चोक, ललितपुर | डायलाइसिस |
| ३२ | नेसनल डायलासिस सेन्टर, बसुन्धरा, काठमाडौं | डायलाइसिस |
| ३३ | क्यान्सर केयर नेपाल, जावलाखेल, ललितपुर | क्यान्सर |
| ३४ | सिद्धार्थनगर सिटी हस्पिटल प्रा.लि., बुटवल, रुपन्देही | डायलाइसिस |
| ३५ | अल्का अस्पताल प्रा.लि., जावलाखेल, ललितपुर | डायलाइसिस |
| ३६ | गौतमबुद्ध सामदायिक मुटु अस्पताल, बुटवल, रुपन्देही | मुटु र डायलाइसिस |
| ३७ | चरक मेमोरियल हस्पिटल प्रा.लि, पोखरा, कास्की | डायलाइसिस |
| ३८ | हिमाल हस्पिटल प्रा.लि., बानेश्वर, काठमाडौं | डायलाइसिस |
| ३९ | बयोदा हस्पिटल प्रा.लि., बल्खु काठमाडौं | मुटु र डायलाइसिस |
| ४० | काठमाडौं क्यान्सर सेन्टर, ताथली, भक्तपुर | क्यान्सर |



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| सि.नं. | संस्थाको नाम | रोग |
|---|---|---|
| ४१ | भेनस अस्पताल, मध्य वानेश्वर, काठमामाडौं | डायलाइसिस |
| ४२ | राष्ट्रिय ट्रमा सेन्टर, महांकाल, काठमाडौं | हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| ४३ | नोबेल मेडिकल कलेज, शिक्षण अस्पताल, विराटनगर, मोरङ | मुटु, डायलाइसिस, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| ४४ | नेपाल क्यान्सर हस्पिटल एन्ड रिसर्च सेन्टर प्रा.लि. ललितपुर | क्यान्सर |
| ४५ | वीरेन्द्र सैनिक अस्पताल, छाउनी, काठमाडौं | डायलाइसिस |
| ४६ | सुमेरु सामुदायीक अस्पताल, धापाखेल, ललितपुर | डायलाइसिस, मृगौला उपचार मुटु, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| ४७ | ग्रान्डी इन्टरनेसनल अस्पताल, धापासी, काठमाडौं | डायलाइसिस |
| ४८ | नेपाल स्वास्थ्य विकास तथा अनुसन्धान सहकारी लि., विराटनगर, मोरङ | डायलाइसिस |
| ४९ | क्रिमसन अस्पताल, मनिग्राम, रुपन्देही | मुटु, डायलाइसिस, हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| ५० | ग्रिनसिटी अस्पताल प्रा.लि. धापासी, काठमाडौं | डायलाइसिस |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु काठमाडौं

| सि.नं. | संस्थाको नाम | रोग |
|---|---|---|
| ५१ | ओम हस्पिटल एन्ड रिसर्च सेन्टर, चाबहिल, काठमाडौं | डायलाइसिस |
| ५२ | लेकसिटी हस्पिटल एन्ड क्रिटिकल केयर प्रा.लि, बगालेटोल, पोखरा | डायलाइसिस |
| ५३ | न्युरो कार्डियो मल्टिस्पेसियालिटी हस्पिटल, मोरङ, विराटनगर | हेड इन्जुरी, स्पाइनल इन्जुरी र मुटु |
| ५४ | घोडाघोडी हस्पिटल प्रा.लि,, सुख्खड, कैलाली | सिकलसेल एनिमिया |
| ५५ | मेची अञ्चल अस्पताल, भद्रपुर, झापा | डायलाइसिस |
| ५६ | पुर्णटुङ विर्तासिटी अस्पताल, विर्तामोड, झापा | डायलाइसिस |
| ५७ | जानकी हेल्थकेयर अस्पताल प्रा.लि, जनकपुरधाम, धनुषा | डायलाइसिस |
| ५८ | महाकाली अञ्चल अस्पताल, महेन्द्रनगर | सिकलसेल एनिमिया |
| ५९ | जिल्ला अस्पताल बर्दिया | सिकलसेल एनिमिया |
| ६० | जिल्ला अस्पताल नवलपरासी | सिकलसेल एनिमिया |
| ६१ | जिल्ला अस्पताल कपिलबस्तु | सिकलसेल एनिमिया |
| ६२ | धुलिखेल अस्पताल, काभ्रेपलाञ्चोक | हेड इन्जुरी, स्पाइनल इन्जुरी, मुटु, डायलाइसिस, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु काठमाडौं

| सि.नं. | संस्थाको नाम | रोग |
|---|---|---|
| ६३ | स्पाइनल इन्जुरी संघ, साँगा, काभ्रेपलाञ्चोक | स्पाइनल इन्जुरी |
| ६४ | विराटनगर अस्पताल प्रा.लि., विराटनगर, मोरङ | डायलाइसिस |
| ६५ | ओम साई पाथीभरा हस्पिटल प्रा.लि., भद्रपुर, झापा | डायलाइसिस |
| ६६ | अन्नपूर्ण न्युरोलोजिकल एन्ड अलाइड साइन्सेज, माइतीघर, काठमाडौं | हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| ६७ | भरतपुर अस्पताल, भरतपुर, चितवन | हेड इन्जुरी, स्पाइनल इन्जुरी, मुटु र डायलाइसिस |
| ६८ | किस्ट मेडिकल कलेज, इमाडोल, ललितपुर | डायलाइसिस |
| ६९ | नेसनल सिटी हस्पिटल, भरतपुर, चितवन | क्यान्सर |
| ७० | बी एन्ड सी मेडिकल कलेज, शिक्षण अस्पताल, झापा | हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| ७१ | भरतपुर सेन्ट्रल हस्पिटल, चितवन | क्यान्सर |
| ७२ | नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज, काठमाडौं | हेड इन्जुरी, स्पाइनल इन्जुरी, मुटु र डायलाइसिस |
| ७३ | ब्लुक्रस हस्पिटल प्रा.लि, त्रिपुरेश्वर, काठमाडौं | डायलाइसिस |
| ७४ | चुरेहिल हस्पिटल प्रा.लि, हेटौंडा | हेड इन्जुरी र स्पाइनल इन्जुरी |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

| सि.नं. | संस्थाको नाम | रोग |
|---|---|---|
| ७५ | मध्य पश्चिमाञ्चल क्षेत्रिय अस्पताल, सुर्खेत | डायलाइसिस |
| ७६ | धौलागिरि अञ्चल अस्पताल बाग्लुङ | डायलाइसिस |
| ७७ | राप्ती अञ्चल अस्पताल, तुलसीपुर, दाङ | डायलाइसिस |
| ७८ | कर्णाली विज्ञान प्रतिष्ठान, जुम्ला | क्यान्सर, डायलाइसिस, हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| ७९ | गजेन्द्र नारायण सिंह सगरमाथा अञ्चल अस्पताल, राजविराज | डायलाइसिस |
| ८० | सुशील कोइराला प्रखर क्यान्सर अस्पताल, खजुरा बाँके | क्यान्सर |
| ८१ | नेशनल मेडिकल कलेज, विरगञ्ज | हेमोडाइलाइसीस |
| ८२. | विरगञ्ज हेल्थ केयर हस्पिटल, विरगञ्ज | मुटु रोग, हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| ८३. | आश्विन्स मेडिकल कलेज एण्ड हस्पिटल प्रा.लि. (नेपाल मेडिसिटी) | हेडइन्जुरी, स्पाइनल इन्जुर, पार्किन्स र सिकल सेल एनिमिया |
| ८४. | मनमोहन मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल, काठमाडौं | हेमोडाइलाइसिस |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु काठमाडौं

## अनुसूची- २

( दफा ४ उपदफा (१) सँग सम्बन्धित)

## विपन्न नागरिक आवेदन तथा सिफारिस फाराम

श्रीमान्र अध्यक्षज्यू,

..............................................................................................................................

देहायबमोजिम विवरण भरी विपन्न नागरिक औषधि उपचार सहुलियतका लागि अनुरोध गर्दछु।

| | | |
|---|---|---|
| १ | वैयत्तिकः<br>बिरामीको नाम उमेर लिंगः<br>ठेगानाः स्थायी जिल्लाः पालिकाः<br>वडा नं.<br>अस्थायी जिल्लाः पालिकाः वडा नं.<br>जातिगत विवरणः ब्राम्हण, क्षेत्री, आदिवासी, जनजाति, दलित, अल्पसंख्यक, अन्य<br>परिवार संख्या | |
| २ | आयस्रोतः पेसा र व्यवसायः<br>- परम्परागत कृषिः<br>- रोजगारी (स्वदेशी/ बिदेशी)<br>उद्यम / व्यवसायः<br>अनुमानित मासिक आयः | |
| ३ | - जग्गा जमिन (क्षेत्रफल र स्थानसमेत)<br>- भौतिक संरचनाः (घर/टहरा आदिको संख्याः कच्ची/पक्कीः )<br>- सवारी साधनः<br>- बैंक मौज्दातः | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु काठमाडौं

| | | |
|---|---|---|
| | - सुनचाँदीः<br>- नगदः | |
| ४ | बिरामीको रोगको किसिमः मुटु रोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी र सिकलसेल एनिमिया | |
| ५ | सम्लग्न कागजातहरू (क) बिरामीको नागरिकताको प्रतिलिपि (बालकको हकमा जन्म दर्ताको प्रतिलिपि) (ख) रोग निदान भएको प्रिस्किप्सन | |
| ६ | उपचार सहुलियतका लागि सिफारिस माग गरेको अस्पतालः | |
| ७ | उपर्युक्तबमोजिमको बेहोरा साँचो हो झूटा ठहरे सहुँला बुझाउँला ।<br>निवेदकको नामः<br>ठेगानाः<br>दस्तखतः<br>मितिः<br>सम्पर्क नं. | |
| ८ | सिफारिसको बेहोराः<br>सिफारिस गर्ने<br>नामः<br>पदः<br>दर्जाः<br>मितिः<br>कार्यालयको छापः | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

# अनुसूची– ३

( दफा ३, उपदफा ५ खण्ड (ख) सँग सम्बन्धित)

स्थानीय तह सिफारिस समिति सचिवालयलाई आवश्यक पर्ने कागजात विवरण

विपन्न नागरिकको औषधोपचार सिफारिस गर्दा देहायबमोजिमको बेहोरा खुलाउनुपर्ने विवरण

१ बिरामीको नाम, थर र ठेगाना, ना.प्र.प. नं. र सम्पर्क नं.

२ बिरामीको नागरिकताको प्रतिलिपि (१६ वर्षमुनिको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि)

३ उपचारका लागि तोकिएको अस्पतालमा सिफारिस ।

४ रोग पहिचान भएको चिकित्सकको प्रिस्क्रिप्सनको संक्षिप्त बेहोरा।

५ उपचार सेवाका लागि सिफारिस गरिएको भन्ने र समितिको निर्णयको प्रतिलिपि संलग्न गरी पठाउने।

६ बिरामी विपन्न नागरिक भएको बेहोरा खुल्नुपर्ने।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु काठमाडौं

अनुसूची– ४

(दफा ४ को उपदफा (७) सँग सम्बन्धित)

कडा रोगहरूको उपचार सहुलियत विवरण

| क्र.सं. | रोग | सहुलियत विवरण | सहुलियत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मृगौला रोग | मृगौला प्रत्यारोपण | रू ४ लाख सम्म | |
| | | अल्पकालीन रूपमा मृगौलाले काम नगरेको बिरामीलाई डायलायसिस वापत | रू १ लाख सम्म | |
| | | Acute Glumerulo Nephritis, Nephrotic Syndrome का साथै दुवै मृगौला फेल भई डायलाइसिस तथा प्रत्यारोपण गर्न नमिल्ने वा नपर्ने बिरामीलाई औषधि उपचार तथा प्रयोगशालावापत | रू १ लाख सम्म | |
| | | मृगौला प्रत्यारोपणपश्चात औषधि सेवन | रू १ लाख सम्म | |
| | | अंगदाता र ग्रहणकर्ताको प्रयोगशाला (HLA TEST) शुल्क | बढीमा रू ५० हजारसम्म | |
| | | हेमोडायलाइसिस बढीमा | प्रति सेसन रू २५०० | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

| | | | | |
|---|---|---|---|---|
| | | हप्ताको दुई सेसन र सोभन्दा बढि गर्नुपर्ने अवस्थामा चिकित्सकको कारण सहितको प्रिस्किप्सन अनिवार्य हुनु पर्नेछ । | | |
| | | सेरोपोजेटिभ(संक्रमित) भएका विरामिहरूलाइ डायलाइसिस उपचार सेवा वापत प्रति सेसन सोधभर्ना | रू ४००० | |
| | | पेरिटोनियल डायलाइसिस प्रति बिरामी महिनाको अधिक्तम ९० प्याकेटसम्म | तोकिए बमोजिम | |
| २ | मुटु रोग | १. विभिन्न प्रकारका मुटु रोग जस्तैः महाधमनीको शल्यक्रिया गर्नुपर्ने बिरामी<br>२. मुटुमा पेसमेकर तथा स्टेन्ट राख्नुपरेमा, एब्लेसन गर्नुपरेमा, मुटुको भल्भ पूर्णरूपमा क्षति भएको या मुटु फेल भएको उपचारका लागि | रू १ लाख सम्म | |
| ३ | क्यान्सर | विभिन्न प्रकारका क्यान्सर रोग, | रू १ लाख सम्म | |



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

| | | | | |
|---|---|---|---|---|
| | | ति सम्बन्धी शल्यक्रिया, थप निदानात्मक सेवा, केमोथेरापी, रेडियोथेरापी, औषधि, औषधिजन्य सामग्री, शैया तथा सेवा शुल्कहरू | | |
| ४ | पार्किन्सन्स | पार्किन्सन्स रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामग्री, शैया तथा सेवा शुल्कहरू | रू १ लाख सम्म | |
| ५ | अल्जाइमर | अल्जाइमर रोगमा प्रयेग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामग्री, शैया तथा सेवा शुल्कहरू | रू १ लाख सम्म | |
| ६ | स्पाइनल इन्जुरी | दुर्घटनाजन्य र चोटपटकजन्य बिरामीहरूलाई शल्यक्रिया औषधि तथा औषधिजन्य सामग्रीहरू, थप निदानात्मक सेवा, शैया सेवा शुल्क स्पाइनल इन्जुरी भई पारालाईसिस भएका बिरामीहरुलाई पुनस्र्थापना सेवाका लागि★ | रू १ लाख सम्म | |

★ संशोधित मिति २०७६।४।१२

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| ७ | हेड इन्जुरी | दुर्घटनाजन्य र चोटपटकजन्य बिरामीहरूलाई शल्यक्रिया, औषधि तथा औषधिजन्य सामग्रीहरू, थप निदानात्मक सेवा, शैया सेवा शुल्क तथा पुनर्स्थापना सेवाका लागि समेत | रू १ लाख सम्म | |
| ८ | सिकलसेल एनिमिया | सिकलसेल एनिमिया रोग लागेका बिरामीहरूलाई शल्यक्रिया, औषधि तथा औषधिजन्य सामग्री, थप निदानात्मक सेवा शैया सेवा शुल्क आदि | रू १ लाख सम्म | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु काठमाडौं

## अनुसूची- ५

### दफा ५ को खण्ड (ञ) सँग सम्बन्धित

### (मुटु रोग, क्यान्सर, हेड इन्जुरी, स्पाइनल इन्जुरी, पार्किन्सन्स, अल्जाइमर, र सिकलसेल एनिमिया मात्र)

**अस्पतालको नामः** **फोट**

बिरामीको नामः उमेरः लिङ्गः म/पु/तेश्रो नागरिकता नं./जन्मदर्ता नं. (बालकका लागि):
बुवाको नामः आमाको नामः रोगको किसिमः

ठेगानाः जिल्लाः पालिकाः वडा नं. टोलको नामः
सम्पर्क फोन नं.
उपचारमा आएको मितिः विपन्न दर्ता नं

| क्र. स. | बिरामी उपचार तथा फलोअपमा आएको मिति | | | उपचार सेवा तथा उपचार खर्चसम्बन्धी विवरण | | | | बिरामीले निःशुल्क उपचार सुविधा पाउने अधिकतम रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ओ.पि.डी | निदान | शैया | शल्य क्रिया | औषधि | उपचारमा खर्च भएको जम्मा रकम | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

नोटः विपन्नको सिफारिस पत्र,चिकित्सकको पुर्जा, खर्चको बील, भर्पाई आदि सम्लग्न गरी अनिवार्य रूपमा छुट्टाछुट्टै फायलिङ गर्नुपर्नेछ र कैफियत महलमा मृत्यु, प्रेषण भएमा सो उल्लेख गर्ने।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौं

अनुसूची ६

दफा ५ को खण्ड (ञ) सँग सम्बन्धित

(मृगौला प्रत्यारोपण, डायलाइसिस, मृगौला उपचार सेवासँग सम्बन्धित)

अस्पतालको नामः

फोटो:

बिरामीको नामः उमेरः लिङ्गः म/पु/तेश्रो

नागरिकता नं./जन्म दर्ता नं. (नाबालकका लागि) :

बुवाको नामः आमाको नामः रोगको किसिमः

ठेगानाः

जिल्लाः पालिका : वडा नं.

टोलको नामः सम्पर्क फोन नं.

उपचारमा आएको मितिः विपन्न दर्ता नं.

| साल र महिना | उपचारको किसिम (हेमोडायलाइसिस/ पेरिटोनियल डायलाइसिस/ मृगौला प्रत्यारोपण/ मृगौला उपचार) | डायलाइसिस पटक (सेसन) (सेवा दिएको दिनमा गते लेख्ने) | | | | | | | | | | | | | | यस महिनाको जम्मा सेसन संख्या (पटक) | हालसम्म लिएको जम्मा सेसन (पटक) | यस महिनाको खर्च रकम | जम्मा खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

अनुसूची- ७

दफा ५ को खण्ड (ड) सँग सम्बन्धित

## विपन्न नागरिकलाई कडा रोग उपचार सेवा गरिएको प्रतिवेदन फाराम

**सम्बन्धित अस्पतालः** **मितिः**

**आर्थिक वर्षः**

**२०७.. साल ........महिनाको मासिक प्रतिवेदन।**

| सि.नं. | पालिकाको नाम | मुटु | क्यान्सर | मृगौला | | | | पार्किन्सन्स | अल्जाइमर्स | हेड इन्जुरी | स्पाइनल इन्जुरी | सिकलसेल एनिमिया | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रत्यारोपण | हेमोडायलाइसिस | सि.ए.पि.डि | औषधि उपचार | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| जम्मा नयाँ बिरामी संख्या | | | | | | | | | | | | | |
| यस महिनामा उपचार गरिएका पुराना बिरामीको संख्या | | | | | | | | | | | | | |
| प्रेषण गरिएका बिरामी संख्या | | | | | | | | | | | | | |

तयार गर्ने

नामः

पदः

दस्तखतः

सदर गर्ने

नामः

पदः

दस्तखतः

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

अनुसूची- ८

दफा ५ को खण्ड (ङ) सँग सम्बन्धित

विपन्न नागरिकलाई कडा रोगसम्बन्धी उपचार सेवा गरिएको प्रतिवेदन फाराम

(मुटु रोग, क्यान्सर, हेड इन्जुरी, स्पाइनल इन्जुरी, पाकिन्सन्स, अल्जाइमर र सिकलसेल एनिमिया मात्र)

अस्पतालः

मितिः

आर्थिक वर्षः २०७.. साल ................महिनाको प्रतिवेदन।

| सि.नं. | जिल्ला | दर्ता नं.. | | बिरामीको नाम | उमेर | | | नागरिकता नं. | रोगको किसिम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नंया | पुराना | | महिला | पुरूष | तेश्रो लिङ्गी | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

तयार गर्ने

नामः

पदः

दस्तखतः

सदर गर्ने

नामः

पदः

दस्तखत

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

## अनुसूची- ९

### दफा ५ को खण्ड (ङ) सँग सम्बन्धित

### विपन्न नागरिकलाई मृगौला रोगसम्बन्धी हेमोडायलाइसिस, पेरिटोनियल डायलाइसिस, मृगौला प्रत्यारोपण तथा मृगौला रोग उपचार सेवाको प्रतिवेदन फाराम

अस्पतालः मितिः

आर्थिक वर्षः २०७.. साल ..........महिनाको मासिक प्रतिवेदन।

| सि.नं | जिल्ला | उपचार सुरु गरेको मिति | बिरामीको नाम | उमेर | | | सेवाको विवरण | डायलासिस सेसन संख्या | प्रति सेसन, खर्च रकम | जम्मा खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | म. | पु | तेश्रो लिङ्गी | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**तयार गर्ने**

नामः

पदः

दस्तखतः

**सदर गर्ने**

नामः

पदः

दस्तखतः

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

अनुसूची– १०

दफा ३ उपदफा (५.घ) सँग सम्बन्धित

## विपन्न नागरिकलाई कडा रोग उपचारका लागि सिफारिस गरिएको प्रतिवेदन फाराम

मितिः

स्थानीय तहको नामः

वार्षिक प्रतिवेदन

आर्थिक वर्ष

| क्र.सं. | सिफारिस गरिएको अस्पताल | सिफारिस गरिएको संख्या | | | | | | | | जम्मा बिरामी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मुटु | क्यान्सर | मृगौला | पार्किन्सन्स | अन्जाइमर्स | हेड इन्जुरी | स्पाइनल इन्जुरी | सिकलसेल एनिमिया | |
| १ | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

तयार गर्ने

नामः

पदः

दस्तखतः

सदर गर्ने

नामः

पदः

दस्तखतः

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

अनुसूची– ११

दफा ३ उपदफा (५.घ) सँग सम्बन्धित

## विपन्न नागरिकलाई कडा रोग उपचारका लागि सिफारिस गरिएको प्रतिवेदन फाराम

स्थानीय तहः

मितिः

आर्थिक वर्षः

२०७.. साल .........महिनाको प्रतिवेदन

| क्र.सं. | बिरामीको नाम | उमेर | | | नागरिकता प्र.प. नं. जन्मदर्ता नं. | ठेगाना | सिफारिस गरिएको अस्पताल | रोगको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | तेश्रो लिङ्गी | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने

नामः

पदः

दस्तखतः

सदर गर्ने

नामः

पदः

दस्तखतः

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौं

## अनुसूची– १२

दफा ५ खण्ड (फ) सँग सम्बन्धित

## विपन्न नागरिक औषधि उपचार सहुलियत कार्ड

बिरामीको फोटो

अस्पतालको नामः

दर्तानं.

बिरामीको नामः

उमेरः लिंगः

ठेगानाः

जन्ममितिः

रोगको किसिमः

नागरिकता नं./जन्मदर्ता नं.

सम्पर्क नं.

......................

बिरामीको दस्तखतः

प्रमाणित गर्नेको दस्तखतः

मितिः

मितिः

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु काठमाडौं

## अनुसूची– १३

### दफा ७ खण्ड (ञ) सँग सम्बन्धित

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा, टेकु, काठमाडौं र ........................................ बीच भएको सम्झौता पत्र।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा, टेकु, काठमाडौं (यसपछि प्रथम पक्ष भनिएको) ले विपन्न नागरिकहरूलाइ सूचीकृत भएका विभिन्न अस्पतालहरूमार्फत सेवा पुर्याउँदै आएको छ । विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ अनुरूप विपन्न नागरिकहरूको औषधि उपचार कार्यक्रमअन्तरगत.... .... ........ ...... .....रोगका बिरामीहरूलाई नेपाल सरकारले प्रदान गरेको सहुलियत उपलब्ध गराउन यस... .... .... .... .... .... ..... ..... ..... ..... ..... .... .... .... (यसपछि द्वितीय पक्ष भनिएको) नेपाल सरकारबाट सूचीकृत भएको हुँदा देहायबमोजिम सर्तहरूको अधीनमा रही सेवा उपलब्ध गराउन दुवै पक्षको अधिकार प्राप्त अधिकारीहरूको तर्फबाट संयुक्त दस्तखत गरी यो सम्झौता गरिएको छ।

**सम्झौताका सर्तहरू**

१ . द्वितिय पक्षले स्थानीय तहमा गठन भएको विपन्न नागरिक औषधि उपचार सिफारिस समितिबाट सिफारिस भई आएका बिरामीहरूको उपचार सेवा विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५

को परिधिभित्र रही बिरामीहरूलाई निःशुल्क उपचार सेवा दिनुपर्नेछ ।

२. द्वितीय पक्षले चिकित्सकले सिफारिस गरेबमोजिम तोकिएका कडा रोगको उपचारमा प्रयोग हुने ...... .... .... ..... .... ..... सेवा निःशुल्क रूपमा उपलब्ध गराउनुपर्नेछ ।

३. बिरामीको सहुलियत रकम सकिएपछि पनि विपन्न बिरामीको थप उपचार रकम तिरेर गर्नुपरेमा सोही शुल्क नै लगाउनुपर्नेछ।

४. द्वितीय पक्षले कडा रोगको उपचार गरेबापत अनुसूची– ४ मा उल्लेख भएबमोजिम उपचार सहुलियत विवरणको सीमाभित्र रही बिरामीहरूलाई उपचार सहुलियत उपलब्ध गराउनुपर्नेछ । सोहीबमोजिम प्रथम पक्षसमक्ष सोधभर्ना भुक्तानी माग गर्नुपर्नेछ ।

५. उपचार सेवा शुल्क दररेट ...... ...... .... ..... ..... ..... ..... .... ..... ..... ... .... बमोजिम लागू गर्नुपर्नेछ ।

६. द्वितीय पक्षले उपचार खर्च विवरण तोकिएको ढाँचामा प्रत्येक महिनाको ७ गतेभित्र प्रथम पक्षसमक्ष आइपुग्ने गरी पठाउनुपर्नेछ।

७. द्वितीय पक्षले उपचार विवरणको अभिलेख प्रतिवेदन अनलाइनबाट अनिवार्य दुरूस्त राख्नुपर्नेछ । अनलाइन अभिलेख प्रतिवेदन नगरेमा प्रथमपक्ष भुक्तानी दिन बाध्य हुने छैन ।

८. द्वितीय पक्षले बिरामी प्रेषण गर्दा बिरामीको उपचारको सुनिश्चितता भइसकेपछि सीधै उपचार गर्ने अस्पतालमा गर्नुपर्नेछ । बिरामीको उपचार विवरणसहितको अनलाइन प्रेषण अनिवार्य गर्नुपर्नेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

९. निर्देशिकाअनुरूप तोकिएको प्रकृया पूरा नगरी आएका बिरामीको उपचार द्वितीय पक्षले गरेमा सोवापतको सोधभर्ना भुक्तानी गर्न प्रथम पक्ष बाध्य हुने छैन ।

१०. प्रथम पक्षले उपचार खर्चको सोधभर्ना रकम कुनै कारणवश भुक्तानी गर्न ढिलाइ भएमा द्वितीय पक्षले उपचार सेवा रोक्न पाइने छैन ।

११ यससम्बन्धि कुनै समस्या परेमा दुवै पक्ष बसी निर्देशिकाबमोजिम समाधान गरिनेछ ।

१२. यो सम्झौताको म्याद.... ... ... ..... गतेदेखि .... ... ... ... ... ... सम्मका लागि मात्र हुनेछ।

१३. अन्य सम्झौताका बुँदाहरू .... ..... ..... ..... ..... .... .....

<u>**सम्झौताका पक्षधरहरू**</u>

**द्वितीय पक्षका तर्फबाट अख्तियारप्राप्त अधिकारीको**

दस्तखतः

नामः

दर्जाः

मितिः

छापः

**प्रथम पक्षका तर्फबाट अख्तियारप्राप्त अधिकारीको**

दस्तखतः

नामः

दर्जाः

मितिः

छापः

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेक, काठमाडौं